Funded by
USAID अमेरिकी जनताबाट
BILL & MELINDA GATES foundation
Partners
CIMMYT International Maize and Wheat Improvement Center
IFPRI
IRRI
NARC

# हिले ब्याडमा धानको नर्सरी व्यवस्थापन





**धानको उत्पादन बढाउन नर्सरी ब्याडको उचित व्यवस्थापन हुनु जरूरी हुन्छ । रोपाइँ गर्ने तरिका, सिंचाई, ज्यामी तथा कृषि औजारको उपलब्धता हेरी निम्न १० बुँदाका आधारमा धानको व्यवस्थित ब्याड तयार गर्न सकिन्छ :**

## १. जातको छनोट :

ब्याड बनाउनु पूर्व आफ्नो क्षेत्रको लागि सिफारिस गरिएको तथा जमिनको अवस्था र पानीको उपलब्धताको आधारमा उपयुक्त उन्नत वा हाइब्रिड जात छान्नुपर्दछ । सुख्खा एवम् डुबानको समस्या हुने खेतको लागि सोही अनुसार सुख्खा र डुबान सहने जातहरू छनोट गर्न सकिन्छ ।

## २. जग्गाको छनोट :

नर्सरी ब्याडको लागि भरपर्दो सिंचाईको स्रोत भएको, पानीको राम्रो निकास भएको, तथा पारिलो ठाउँ छनोट गर्नुपर्दछ । विभिन्न जातहरूको मिश्रण हुन नदिन अघिल्लो पटक धान झारेको खेतमा ब्याड राख्नु हुँदैन ।

## ३. हिले ब्याडको तयारी :

एक बिघामा धान रोपाईँको लागि आवश्यक स्वस्थ र दरिला बेर्ना उत्पादन गर्न १.५ देखि २ कट्ठा क्षेत्रफलको ब्याड पर्याप्त हुन्छ । यस्तो ब्याड तल दिइएअनुसार तयार गर्न सकिन्छ :

- हिउँदे वा वसन्ते बाली काटिसकेपछि खेत दुईपटक जोतेर सम्याउने ।
- ब्याड राख्नुभन्दा कम्तीमा १५ दिन अघि १.५ देखि २ कट्ठाको जमिनमा करिब ३ क्विन्टल राम्रोसँग पाकेको गोबरमल वा कम्पोष्ट मल हाल्ने र जोताइसँगै माटोमा मिसाउने ।
- उक्त जमिनमा सिंचाई गरेर १-२ पटक दाँते लगाएर हिल्याउने र सम्याउने । राम्ररी सम्याएको जग्गामा प्रत्येक १.५ मिटर को दूरीमा सानो कुलेसो बनाउने जसले गर्दा ब्याडमा पानी लगाउन तथा पानीको निकास गर्न सजिलो हुनुको साथै बिरूवा हलक्क बढ्छ ।



## ४. बीउको गुणस्तर :

सकेसम्म आधिकारिक बिक्रेताबाट आफूले चाहेको जातको प्रमाणित बीउ किन्नुपर्छ । आफ्नै बीउ प्रयोग गर्ने हो भने बीउ राम्रो उमारशक्ति भएको, सफा (झारपातको बीउ, माटो वा ढुंगा नभएको), शुद्ध (केवल एक जात) र स्वस्थ (पोटिलो, दाना नफुटेको) हुनुपर्दछ ।

## ५. बीउ उपचार तथा बीउको तयारी :

छर्नु अघि भाँडामा बीउ भिजाएर राम्रोसँग चलाउने र पानीमाथि उत्रेका सबै दानाहरू हटाउने र बाँकी दानालाई मात्र बीउको रूपमा प्रयोग गर्ने ।

बीउ तथा बेर्नामा ढुसीको संक्रमण हुन नदिन बीउको उपचार गर्नुपर्दछ । यसका लागि बेभिष्टिन २ ग्रा. प्रति केजी वा साफ (कार्वेन्डाजिम +म्यान्कोजेब) ३ ग्रा. प्रति केजी बीउ १ लिटर पानीको दरले बनाइएको घोलमा रातभर भिजाउने । यसरी उपचार गरिएको बीउलाई अंकुरित हुन दिनु पर्दछ । यसका लागि राम्रोसँग पानीले भिजाइएको जुटको बोरामा ५-६ सेमिको तह बनाई बीउलाई फिजाउने र माथिबाट पानीले भिजेको जुटको बोराले छोपिदिने । करिब २४ देखि ३६ घण्टाको बीचमा बीउ अंकुरित हुन्छ ।

## ६. बीउ दर र बीउ छर्ने तरिका :

बीउ दर उन्नत जातको लागि १०-१६ केजी/कठ्ठा (२५-४० ग्राम/वर्ग मिटर) र वर्णशंकरको लागि ५-६ केजी/कठ्ठा उपयुक्त हुन्छ । छिप्पिएको बेर्ना सार्नु छ भने कम बीउ दर (२५-३० ग्राम/वर्गमिटर अर्थात १०-१२ केजी/कठ्ठा) प्रयोग गर्ने ।

राम्रोसँग तयार गरेको नर्सरीमा हिल्याएको माटोमा बीउ टाँसिने गरी हल्का बल गरेर सबैतिर फैलने गरी बीउ छर्ने । यसले गर्दा बीउले माटो राम्रोसँग समात्छ र सिंचाई/बाढीको पानीले बगाएर लाँदैन ।

## ७. ब्याड राख्ने समय र बेर्नाको उमेर :

ढिलो पाक्ने जातहरू : वैशाख २० देखि जेठ १५ सम्म । ३०-३५ दिनको बेर्ना सार्ने ।
मध्यम अवधिको जातहरू : जेठ १ देखि असार १ सम्म । २५-३० दिनको बेर्ना सार्ने ।
छिटो पाक्ने जातहरू : जेठ २५ देखि असार १० सम्म । २०-२५ दिनको बेर्ना सार्ने ।
यदि सिचाईको राम्रो व्यवस्था छ भने १५-२५ दिनका कलिलो बेर्ना रोप्नु राम्रो हुन्छ ।
डुबानको समस्या भएको ठाउँमा अलि छिप्पिएको बेर्ना (३०-४० दिनको) प्रयोग गर्नु पर्दछ ।
छोटो अवधिको खडेरी सहने जातको लागि २५ दिने कलिला बेर्ना उपयुक्त हुन्छ ।

## ८. मलखाद व्यवस्थापन :

एक कठ्ठा नर्सरी क्षेत्रफलको लागि ३ किलो डिएपी, २ किलो पोटास र १ किलो जिंक सल्फेट बिउ छर्नुभन्दा पहिले माटोमा मिसाउने । त्यसपछि छरेको १२-१५ दिनमा २.८ किलो युरिया छर्ने । यदि ३० दिन भन्दा बढीको बेर्ना रोप्नु परेमा बेर्ना उखेल्नुभन्दा एक हप्ता अगाडि २.२ किलो युरिया प्रयोग गर्न सकिन्छ । यदि बेर्नाका नयाँ पातहरू पहेंलिने समस्या देखिएमा फेरस सल्फेट र पात खिया लागे जस्तो खैरो भएमा जिंक सल्फेटको घोल छर्नुपर्दछ ।

## ९. झारपात नियन्त्रण :

धानको नर्सरी ब्याडमा सामा लगायतका अन्य झारपातको समस्या देखिन सक्छ । झार नियन्त्रणका लागि सोफित (प्रेटिलाक्लोर ३० इ सी + सेफनर) ६० ग्राम प्रति कठ्ठाको दरले ५-६ किलो बालुवामा मिसाइ छरेको १-३ दिनभित्रमा ब्याडमा पानी जमेको अवस्थामा छर्नुपर्दछ ।

## १०. सिंचाई :

कलिला बेर्नालाई दिउँसोको चर्को घामबाट बचाउन नर्सरीमा बेलुकीपख हल्का सिंचाई गर्ने जसले गर्दा खेत चिसो रहन्छ र दिनमा चर्को घाम लाग्ने बेला पानी जम्न पाउँदैन । बेर्ना उखेल्न सजिलो बनाउन उखेल्नुअघि ब्याडमा पानी लगाउनु पर्दछ ।

**यो सामाग्री दक्षिण एशियामा अन्नबाली पद्धति परियोजना (CIMMYT/CSISA Project) तथा राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम (NRRP/NARC) द्वारा संयुक्त रूपमा तयार गरिएको हो ।**